**तिनाउ गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०८१।०१।२६ गतेको ५४ औं बैठकका निर्णयहरुः**

१. तिनाउ गाउँपालिका सार्वजनिक जग्गामा वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

२. तिनाउ गाउँपालिकाको निजी वन विकास तथा व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

३. तिनाउ गाउँपालिकामा पोषण प्रवर्द्धन तथा नियमित तौल अनुगमन प्रोत्साहनका लागि कखुराको चल्ला वितरण कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो ।

४. गाउँपालिकाको वडा नं. ३ हात्तीकोट वेरुवा क्षेत्रमा जग्गाधनी गंगा सिंह थापाको स्वामित्वमा रहेको कि.नं. ४८६ क्षेत्रफल (६-०-०-०) जग्गा सम्माउने र खेतीयोग्य बनाउन तयार गरिएको र यस कार्यापालिका बैठकमा पेश भएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधी आजको मितिले ३ वर्ष हुने गरी उक्त जग्गाको नजिकमा पर्ने पानीका मुहान र अन्य प्राकृतिक संरचनाहरुमा क्षेती नपुग्ने गरी उत्खनन् गर्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

५. गाउँपालिकाको वडा नं. ५ चरचरे क्षेत्रमा जग्गाधनी छविसरा सारु र मान बहादुर सारुको स्वामित्वमा रहेको कि.नं. ६०० क्षेत्रफल (४-१४-२-२) र कित्त नं. ५९८ क्षेत्रफल (४-८-०-०) को गह्रा सुधार गरी जग्गा सम्माउने र खेतीयोग्य बनाउन तयार गरिएको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको मान्य अवधी आजको मितिले ३ वर्ष हुने गरी उक्त क्षेत्रबाट माटो उत्खनन् गर्दा नजिकको छिमेकीलाई असर नपर्ने गरी माटो उत्खनन् गर्ने गरी प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

६. गाउँपालिकाले खरिद गर्न लागेको व्याकहो लोडर चलाउन १ जना व्याकहो लोडर चालक र १ जना सहयोगि कर्मचारीको दरबन्दी स्वीकृत गर्ने निर्णय गरियो । नियमानुसार उपर्युक्त पदमा गाउँपालिकाको करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधिको आधारमा करारमा कर्मचारी भर्ना गर्ने निर्णय गरियो ।

७. गाउँपालिकाको मिति २०७८।०६।०१ गतेको निर्णय नं. ५ को निर्णय अनुसार विज्ञापन कर संकलन गर्ने सम्बन्धमा आकृति एडभर्टाइजिङ विराटनगरसँग भएको सम्झौता अनुसार दोस्रो पक्ष आकृति एडभर्टाइजिङ विराटनगरले सम्झौता उल्लेख गरे अनुसार समयमा राजस्व दाखिला नगर्ने, कार्यालयलाई उपयुक्त हुने खालको प्रतिवेदन पेश नगर्ने, सम्झौताको दफा ४ मा उल्लेख गरे अनुसार विज्ञापन कर संकलनको रसिद गाउँपालिकाबाट प्रमाणित नगराउने गरेकोले आ.व. २०८०/८१ सम्मको विज्ञापन कर सम्झौता अनुसार असुल गरी आगामी आर्थिक वर्षबाट निजसँग भएको

विज्ञापन कर संकलनको सन्दर्भमा भएको ठेक्का सम्झौता रद्द गरी नयाँ प्रकृयाबाट विज्ञापन कर संकलन गर्ने निर्णय गरियो ।

८. गाउँपालिकाको यस अँगाडी भएका निर्णयहरुको बारेमा छलफल गरी समिक्षा गरियो । निर्णय कार्यान्वयनलाई प्रभावकारी अगाडी बढाउने निर्णय गरियो ।

९. चालु आर्थिक वर्ष २०८०।८१ को योजनाहरुको कार्यान्वय सन्दर्भमा भएका कमी कमजोरीहरुको सन्दर्भमा छलफल गरी जति सको छिटो योजना कार्यान्वयलाई सम्पन्न गर्न पहल गर्ने निर्णय गरियो ।

१०. गाउँपालिका वडा नं. २ को दोभान झ्याङ्ला बगाहा सडकमा चालु आर्थिक वर्ष २०८०/८१ मा ५० लाखको समपुरक योजनाबाट बाटो निर्माणको कार्य सम्पन्न भएको तर उक्त बाटोमा ग्राभेल नभएको खण्डमा बाटो अत्यन्त जोखिम पूर्ण हुने देखिएकोले रु. २ लाख झ्यालामा झ्याङ्ला बोकेको सालिक निर्माण गर्ने शिर्षकबाट र बाँकी ४ लाख ५ हजार रकम लागत अनुमान अनुसार गाउँपालिकाको समपुरक कोष रकमबाट व्यवस्था गरी सडक ग्राभेल गर्ने निर्णय गरियो ।

११. गाउँपालिकाको आन्तरिक राजस्व संकलन प्रभावकारी नदेखिएकोले आगामी दिनहरुमा नागरिकहरुलाई सेवा प्रदान गर्दा तिर्नु पर्ने राजस्व तिरे नतिरेको सम्बन्धमा सोधखोज गरी राजस्व तिर्न प्रोत्साहन गर्ने निर्णय गरियो ।

१२. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँग सहकार्यमा कार्यक्रम सञ्चालनको लागि तपशिल अनुसार प्रतिवद्ध हुने निर्णय गरियो ।

क) स्थानीय तह स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन र विधि (modality) अवलम्बन गर्न र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्न इच्छुक तथा प्रतिवद्ध हुने निर्णय गरियो ।

ख) स्थानीय तह वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानीको हिस्सा विनियोजन गर्न ईच्छुक तथा प्रतिवद्ध हुने निर्णय गरियो ।

ग) स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवम् मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्न इच्छुक तथा प्रतिवद्ध हुने निर्णय गरियो ।

घ) स्थानीय तह स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मत सम्भारको योजना र बजेट तर्जुमा गर्न ईच्छुक तथा प्रतिवद्ध हुने निर्णय गरियो ।